# Non-Resident Madheshis Association

# गैर-आवासीय मधेशी संघ

Africa | America | Asia | Australia | Europe


Ref. No.: Date:

**प्रेस-विज्ञप्ति**

**दिल्लीमा मधेशीहरूको धर्ना प्रदर्शनः भारतीय प्रधानमंत्रीलाई ज्ञापन-पत्र हस्तान्तरण**

जन्तर-मन्तर, नयाँ दिल्ली - २०१४ जुलाई २१ सोमबारः भारतमा आफ्नो अधिकार सुनिश्चित गर्न तथा मधेशीहरूको मुद्दा माथि भारतीय सरकारको ध्यानाकर्षण गराउन प्रवासी मधेशीहरूले गैर-आवासीय मधेशी संघको नेतृत्वमा नयाँ दिल्लीको जन्तर-मन्तरमा सोमबार धर्ना प्रदर्शन गरेका छन्। यस ऐतिहासिक धर्नामा यूनाइटेड मधेशिज अफ नेपाल र अल इंडिया मधेशी स्टूडेन्टस् एशोसिएशन लगायतका संघ-संस्थाहरूले समर्थन गरेका थिए भने भारतका विभिन्न भागमा बस्ने गरेका मधेशीहरूको निकै नै उत्साहपूर्ण सहभागिता रहेको थियो। धर्ना अन्ततः भारतीय प्रधानमंत्री कार्यालयलाई ज्ञापन पत्र हस्तान्तरण गरे पछि समाप्त भएको थियो।

वर्तमान नेपालको दक्षिणी समतल भूभाग मधेश (तराई) का मूलबासी मधेशीहरूको वर्तमान नेपाल-भारत सीमा वारिपारि हजारौं वर्षदेखि ऐतिहासिक, सामाजिक, वैवाहिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक सम्बन्ध रहँदै आएको छ। त्यही सम्बन्धलाई मध्यनजर गर्दै भारत र नेपाल बीचमा सन् १९५० मा शान्ति एवम् मैत्री संधि पनि सम्पन्न भएको थियो, जस अनुसार नेपाल-भारत बीचमा खुला सीमाना स्थापित हुनुका साथ-साथै सिद्धान्ततः मधेशीहरूलाई भारतमा मतदान अधिकारलाई छोडेर लगभग नागरिक सरह नै अधिकार प्राप्त छ। तर व्यवहारमा मधेशी जनता भारत सरकारबाट बारम्बार उपेक्षित हुँदै आएका छन्। खुला सीमानाका बाबजूद सीमा आर-पार गर्ने समयमा मधेशीहरू उत्पीडित हुँदै आएका छन्। भारतमा मधेशीहरूसँग रहेको परिचय-पत्र वा जन्म दर्ता प्रमाण-पत्रलाई अक्सर भारतमा मान्यता मिल्न कठिन हुन्छ, जसले गर्दा मकान मालिकदेखि लिएर अस्पताल र पुलिस सेवा समेतबाट मधेशीहरू वंचित हुँदै आएका छन्। मधेशीहरूको प्रायः राम्रा शैक्षिक संस्थाहरूमा भर्ती हुँदैन, न त राम्रा ठाउँमा उनीहरूले जागिर नै पाउन सक्छन्। जहाँ भारतीय सेनामा पहाडी नेपालीहरूको भर्ती लिइन्छ, त्यहीं मधेशीहरूलाई भर्ती लिईन्न। त्यस्तै नेपालको लगभग ५१% जनसंख्या रहेको मधेशमा भारतीय अनुदान र सहयोगको केवल नगन्य हिस्सा मात्र जाने गरेको छ।

भारत सरकारद्वारा बारम्बार गरिएको यस उपेक्षापूर्ण व्यवहारको विषयमा गैर-आवासीय मधेशी संघका संस्थापक अध्यक्ष डा. सी. के. राउतले धर्नालाई सम्बोधन गर्दै भने, “भारत सरकारद्वारा मधेशीहरूको बारम्बार उपेक्षा गरिनु निकै नै दुर्भाग्यपूर्ण कुरा हो, किनकि मधेशीहरूको वर्तमान नेपाल-भारत सीमा वारिपारि हजारौं वर्ष पुरानो सम्बन्ध मात्रै छैन, मधेशीहरू सदैव भारतीय जनताका दुःख-सुःखका साथी रहँदै आएका छन्, मधेशीहरूले भारतीय आजादी आन्दोलनको लागि पनि ठूलै बलिदानी दिए, र आज पनि चाहे बाढीको बेला होस् कि आगजनीको समयमा, सीमावर्ती क्षेत्रमा भारतीय जनतालाई सहयोग गर्न सबभन्दा पहिले मधेशी नै पुग्छन्।” त्यसैगरि गैर-आवासीय मधेशी संघ – भारत शाखाका अध्यक्ष सुजित कुमार ठाकुरले भने कि भारत मधेशीहरूको ऋणी छ र अब भारत सरकार मधेशीहरूको मुद्दा माथि विचार गरी उनीहरूको समस्या समाधानका लागि पहल गर्नै पर्ने समय हो।

गैर-आवासीय मधेशी संघ नेपालको मधेश बाहिर बस्दै आएका मधेशीहरूको एक अन्तरराष्ट्रिय छाता संगठन हो। मधेश र मधेशीहरूको मुद्दालाई अन्तरराष्ट्रिय जगतमा उठाउँदै संघ सम्पूर्ण मधेशीहरूको हक-हित एवम् कल्याणको लागि काम गर्दछ। यसको उपस्थिति अमेरिका, भारत, अफ्रिका तथा मध्य-पूर्व, ऑस्ट्रेलिया, पूर्व एशिया र यूरोपमा रहेको छ। संयुक्त राष्ट्रसंघका बैठक र सम्मेलनहरूदेखि लिएर अन्य विश्व संगठनहरूमा समेत गैर-आवासीय मधेशी संघले मधेशीहरूको प्रतिनिधित्व गर्दै आएको छ।


**Contact:**
Dr. C. K. Raut, PhD (Cambridge)
President, Non-Resident Madheshis Association (Worldwide)
Phone: +91-8800289890 (India), +977-9817727359 (Nepal)
Email: nrm.association@gmail.com

Er. Sujit Kumar Thakur
President, Non-Resident Madheshis Association - India
Phone: +91-9560424891 (India)


*नोटः मीडिया के लिए तस्वीर/विडियो http://madhesh.org पर उपलब्ध हैं।*